# आर्थिक वर्ष २०७८।०७९ को
# वार्षिक नीति,कार्यक्रम तथा वजेट




चुरेगाउँपालिका
गाउँकार्यपालिकाकोकार्यालय
घरखेडा,कैलाली
सुदुरपश्चिमप्रदेश, नेपाल

**२०७८**

गाउँसभाबाट पारित मिति:२०७८/०३/१०

---

नवौ ं गाउँसभा एवं बजेट अधिवेशनका सभाध्यक्ष एवं गाउँपालिकाका श्रद्धेय अध्यक्ष ज्यु, पार्षद् सदस्यको रुपमा गरिमामय गाउँसभा बैठकमा पाल्नु भएका आदरणीय सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु एवं यस गाउँपालिका तथा अर्न्तगतका निकायहरुमा कार्यरत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी लगायत सम्पुर्णलाई गरिमामय गाउँसभा (बजेट अधिवेशन) मा हार्दिक  स्वागत एवं कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस महत्वपूर्ण घडिमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात तथा प्रातः स्मरणीय शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्नुका साथै शहिद परिवारजनहरुमा हार्दिक सम्मान प्रकट गर्दछु ।

नेपालको संविधान, २०७२ ले लामो समयसम्मको संक्रमणलाई छिचोल्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको निमार्ण गर्दै स्थानीय सरकार स्थापना भई हामी नवौ गाउँसभा अधिवेशनसम्म आईपुगेका छौं । यस महत्वपुर्ण घडिमा गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य प्रस्तुत गर्न पाउँदा म हर्ष विभोरित भएकी छु । यस सन्दर्भमा म चुरे गाउँपालिकाको कुशल नेतृत्व गरी यस पालिकाको समृद्धि र विकासका लागि योगदान पुर्‍याउनु हुने सम्पूर्ण राजनीतिक नेतृत्व पंक्ति प्रति सम्मान व्यक्त गर्दछु । साथै चुरे गाउँपालिकाको विकास मामिलामा निरन्तर हातेमालो गर्नु हुने आदरणीय विकास प्रेमी चुरेवासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरु सम्पुर्ण प्रति नतमस्तक हुँदै सु-संस्कृत, सुन्दर र समृद्ध चुरेको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

**श्रद्धेय सभाध्यक्ष महोदय एवं आदरणीय गाउँ सभाका सदस्यज्यू,**

चुरे गाउँपालिका कैलाली जिल्लाको उत्तरी सिमानामा अवस्थित, पहाड र तराईको सम्पर्क सेतुको रुपमा रहको सबैमा सर्वविदितै छ । प्राकृतिक छँटाले भरिपूर्ण, सौन्दर्यताको खानी, मनमोहक हावापानी, वनजङ्गल खोलानाला यस गाउँपालिकाका विशेषता हुन् । प्राकृतिक श्रोतको अपार उपस्थितिले पर्याप्त आर्थिक, सामाजिक एवम् पर्यावरणीय विकासको सम्भावना बोकेको गाउँपालिका हो । यस क्षेत्रमा रहेका वन पैदावारलाई सदुपयोग गरी जडीबुडी प्रशोधन केन्द्र संचालन गर्न सक्ने सम्भावनाहरु रहेका छन् । यस क्षेत्रमा पर्ने निङ्गलाडी बजार, खानीडाँडा बजार, सहजपुर बजार, फल्टुडे बजार हुँदै धनगढी डडेल्धुरा जोड्ने भीमदत्त राजमार्गमा रहेको हुँदा पर्याप्त आर्थिक कियाकलापहरु संचालन गर्न सकिने सम्भावनाहरु रहेका छन् । हिमाल, पहाड र तराईका जिल्लाहरुलाई जोड्ने यस गाउँपालिकामा विभिन्न रणनीतिक महत्वका राजमार्गहरुले यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा पर्याप्त संभावनाहरु बोकेको छ ।
प्राकृतिक सौन्द्रर्यताले भरिपूर्ण यो क्षेत्र वनसम्पदा, मनोरम हवापानी, जैविक विविधताले गर्दा पर्याप्त पर्यटनको संभावना बोकेको यो गाउँपालिकाको आर्थिक समाजिक जीवनस्तर निकै माथि उठ्न सक्ने संभावना छ । यस क्षेत्रका कम्पासे धुरा, ऐतिहासिक गर्भादरबार, गर्भा डाँडा, रातो पहिरो जस्ता पर्यटकीय क्षेत्रको प्रर्वद्धन तथा विकास गरी पर्यटक भित्र्याउन सकिने देखिन्छ ।
कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरणले आर्थिक विकासमा टेवा पुरयाउने छ । सुन्तला, अमिला, कागती र केरा जातका फलफुलहरुको पकेट क्षेत्र विस्तार गर्नुको साथै शितभण्डार स्थापना गरी बेमौसममा फलफुलहरुको आपूर्ति गर्न सकिने पर्याप्त संभावना रहेको छ । कृषिको

आधुनिकिकरण, विविधिकरण र व्यावसायीकरण गरी आर्थिक विकास गर्ने पर्याप्त अवसर पनि रहेको छ ।

भौगोलिक हिसावले यो गाउँपालिकाको अवस्थिति जटिल भएकोले विकासका पूवार्धारहरुको निर्माणमा कठिनाइ रहेको छ । भौगोलिक कठिनाईका कारणले बालवालिकाहरु विद्यालय शिक्षाबाट समेत कतिपय अवस्थामा वञ्चित रहनुपरेको छ । सबै वडाहरुमा सुरक्षित प्रसुति सेवा लगायतका स्वास्थ्य सेवाहरु पुर्‍याउन नसकिएको तितो यथार्थ हाम्रा सामु छर्लङ्ग रहेको छ जसले गर्दा वर्षेनी आमाहरुले अकालमा ज्यान गुमाउनु परेको छ ।

शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी र सडक जस्ता आधारभूत भौतिक पूर्वाधारको अभावमा चुरेवासीले अझै पनि सास्ती खेप्नु परेकोछ । गुणस्तरीय शिक्षा, स्वास्थ्य, यातायातमा पहुँच, दिगो आवास, खाद्य सुरक्षा, गुणस्तरीय जीवनयापन लगायतका विषयहरु हाम्रा सामु रहेका छन् । नेपाल सरकारले अर्न्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, दिगो विकास लक्ष्य, सहस्राब्दी विकास लक्ष्यहरुको अधिनमा रही मानव विकास सूचकाङ्कमा उल्लेख्य सुधार गर्नुपर्ने अवस्था रहेको छ । सुशासन र विकासको प्रत्याभुत गराई जनस्तरमा राज्यको उपस्थितिको बोध गराउँदै स्थानीय तहलाई सुदृढ बनाउदै सङ्घीय शासन व्यवस्थालाई कार्यान्वयन गर्नु आजको टड्कारो आवश्यकता रहेको छ । विश्वव्यापी माहामारीको रुपमा रहेको कोरोना अर्थात कोभिड -१९ संक्रमणको पहिलो र दोश्रो लहरले विश्व समुदाय आक्रान्त रहेको परिप्रेक्ष्यमा देशमा मानवीय स्वास्थ्य र मानवीय क्रियाकलापलाई समेत चुनौती सिर्जना भएको छ । यस प्रकारको उत्पन्न संकटले स्थानीय सरकारलाई निकै चुनौती थपेको छ तसर्थ अगामी दिनमा विकास रणनीतिहरु समेत परिवर्तन गर्दै मानवीय स्वास्थ्य,

आर्थिक, भौतिक, सामाजिक तथा सांस्कृतिक गतिविधिहरु समेतलाई थप गतिशिल वनाउँदै लैजानु पर्ने आवश्यकता देखिन्छ ।

**श्रद्धेय सभाध्यक्ष महोदय एवं आदरणीय गाउँ सभाका सदस्यज्यू,**

अब म चुरे गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति कार्यक्रम तथा वजेट वक्तव्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.१ सोच

चुरे गाउँपालिकालाई सुदूरपश्चिम प्रदेशको समुन्नत, समृद्ध र विकसित गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

## १.२ लक्ष्य

आर्थिक वर्ष २०७८।०७९ को अन्त्य सम्ममा चुरे गाउँपालिकामा भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका पूर्वाधारहरुको स्थापना गरी आम नागरिकले महसुस गर्न सक्ने गरी सार्वजनिक सेवा संचालन गर्ने ।

## १.३ उद्देश्य

- सडक क्षेत्रको विस्तार र स्तरोन्नती गरी चुरे क्षेत्रका सम्पूर्ण गाउँहरुलाई सडक संजालमा ल्याई सडकको थप स्तरोन्नती गरिनेछ ।
- निर्माणाधिन वडा कार्यालयका प्रशासनिक भवनहरु यथाशिघ्र निर्माण कार्य सम्पन्न गरी नवनिर्मित भवनबाट सेवा प्रवाह गरिनुको साथै बाँकी रहेका थप २ वटा वडा कार्यालयको प्रशासनिक भवनको निर्माण कार्य प्रक्रिया अगाडी बढाईनेछ ।
- विश्वव्यापी माहामारीको रुपमा रहेको कोभिड १९ को संक्रमण विरुद्ध आवश्यक कदमहरु संचालन गर्दै आर्थिक सामाजिक रुपले धान्न सक्ने गरी स्वरोजगारमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

- चुरे गाउँपालिकाको सबै वडा कार्यालयहरुमा विद्युतीय सूचना प्रणाली विस्तार गरी ई–गर्भनेन्सको विकास गरिनेछ ।
- कृषि क्षेत्रमा आधुनिकीकरण र व्यवसायिकरण गरी जनताको जीवनस्तरमा परिवर्तन ल्याउने खालका कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षा क्षेत्रको विकास गर्न विद्यमान पद्धतीमा सुधार गरी गुणस्तरीय शिक्षा प्राप्तीको अवसर सिर्जना गर्नुको साथै सम्पूर्ण वालवालिकाहरुलाई शिक्षाको सुनिश्चितता गर्ने कार्य अभियान कै रुपमा स्थापित गरिनेछ ।
- प्राविधिक, व्यवसायिक तथा स्वरोजगारमूलक शिक्षाको विकास र विस्तार गरिनेछ ।
- पर्यटकीय गन्तव्यहरुको पहिचान, संरक्षण र प्रचारप्रसार गरी पर्या-पर्यटनको विकास गरिनेछ ।
- प्राकृतिक सम्पदाहरु, ऐतिहासिक गर्भा दरवार, धार्मिक सम्पदाहरुको संरक्षण गरी साँस्कृतिक विकास र विस्तार गरिनेछ ।
- आर्थिक सामाजिक रुपले पछि परेका वर्ग, समुदाय तथा समूहलाई राज्यको मूलधारमा मूलप्रवाहीकरण गर्न समानुपातिक समावेशी विकास मार्फत सभ्य समाजको निर्माणमा जोड दिईनेछ ।
- समाजमा व्याप्त रहेका कुरिती, कुप्रथा रुढीवादी परम्पराको अन्त्य गरी आधुनिक तथा सभ्य सामाजको निर्माणमा जोड दिईनेछ ।
- चुरे गाउँपालिका क्षेत्रका विद्युत सेवा पुग्न नसकेको वडा एवं बस्तीहरुमा विद्युत बिस्तार गर्नका लागि सङ्घ तथा प्रदेश सरकार मार्फत आवश्यक पहल गरिनेछ ।

## १.४ अपेक्षित उपलब्धि

आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्ममा देहायका उपलब्धिहरु हाँसिल गर्न सकिने अपेक्षा लिएको छु ।

- सडक सञ्जालको विस्तार, स्तरोन्नति तथा सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।

- नव निर्मित गाउँपालिका, ५ र ६ नं. वडाको प्रशासनिक भवन थप व्यवस्थित गरिनुको साथै निर्माणाधिन १ र २ वडाको प्रशासनिक भवन को निर्माण कार्य सम्पन्न हुनेछ । साथै ३ र ४ नं. वडाको प्रशासनिक भवनको निर्माण कार्य थालनी भएको हुनेछ ।
- चुरे गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका संकटलाई न्यूनीकरण गरी स्वास्थ्य तथा शिक्षा क्षेत्रमा वैकल्पिक माध्यमको प्रयोगद्वारा नियमित क्रियाकलाप संचालन भएको हुनेछ ।
- चुरे गाउँपालिकामा नमुना विद्यालय र प्राविधिक शिक्षाका लागि भौतिक पूर्वाधार तथा दक्ष जनशक्ति व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरु स्थापना भएको हुनेछ ।
- चुरे गाउँपालिकामा गरिदै आएको परम्परागत कृषि खेति प्रणालीमा सुधार ल्याई विदेशबाट फर्केका युवाहरुलाई कृषि क्षेत्र तर्फ आर्कषित गरी चुरे गाउँपालिकाको साथै देशको आर्थिक विकासमा कृषि क्षेत्रको योगदानमा वृद्धि भएको हुनेछ ।
- चुरे गाउँपालिकाका सबै वडाहरुमा विद्युतीय सेवाको सुनिश्चितता प्रदान गर्ने कार्यले तिव्रताले सार्वजनिक सेवामा सुशासन कायम हुनेछ ।

## १.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

### १.५.१. समग्र नीति तथा आधारहरु :

१.चुरे गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागिता गराउने, मागमा आधारित तथा यस क्षेत्रको हावापानी तथा भु-बनोट सुहाउँदो विकास योजना तथा विकासका गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिबी न्यूनीकरण गर्ने नीति लिएको छ ।

२.विश्वव्यापी माहामारीको रुपमा देखा परेको कोरोना (कोविड-१९) संक्रमणबाट सृजना भएको थप स्वास्थ्य संकटसँग जुध्न सक्ने गरी आर्थिक, सामाजिक तथा मानवीय व्यवहारहरुमा परिवर्तन गर्दै भौतिक, आर्थिक, सामाजिक तथा मानवीय विकासलाई उच्च प्राथमिकता दिईनेछ ।

३.चुरे गाउँपालिका क्षेत्रका सडकहरुलाई मुख्य तथा ग्रामीण सडकमा वर्गिकरण गरी प्राथमिकताका आधारमा न्यूनतम लेन सहितको सडक सञ्जालको विकास, विस्तार एवं स्तरोन्नति गरिनेछ ।

४.कृषि क्षेत्रलाई स्थानीय उत्पादनको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गरी स्थानीय हावापानीका फस्टाउने प्रमुख खाद्यान्न बाली तथा फलफुलबाली उत्पादनमा चुरे गाउँपालिकालाई प्रमुख पकेट क्षेत्रको रुपमा रुपान्तिरित गर्ने नीति अवलम्बन गरिनेछ । सिंचाई, मलखाद, बीउविजनको उपलब्धतामा जोड दिइनेछ ।

५.स्वच्छ, सफा खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । गाउँपालिका स्तरमा जल उपयोग गुरुयोजना अनुसार प्राथमिकिकरणको आधारमा खानेपानी आयोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । खानेपानीको उत्पादन, वितरण तथा उपभोगमा स्थानीयबासी तथा खानेपानी उपभोक्ताहरुलाई पुर्ण रुपमा कर्तव्य तथा अधिकार सहित थप जिम्मेवार वनाउदै लगिनेछ ।

६.चुरे क्षेत्र संरक्षणका लागि यस क्षेत्रको जैविक विविधतालाई ध्यानमा राखी वृक्षारोपण, जडीबुटी उद्यान लगायत संरक्षण क्षेत्र तोकी बाह्य वातावरणीय प्रभाव अध्ययन तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिइनेछ ।

७. शिक्षा तथा स्वास्थ्य क्षेत्रमा हाल सम्म भएको लगानीले स्वस्थ, शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धिलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवााको व्यवस्था मिलाईनेछ । विद्यालय शिक्षालाई नियमित वनाउन विभिन्न खालका अभिभावक शिक्षा संचालन लगायतका बैकल्पिक प्रविधिहरुको प्रयोग गरी कक्षा संचालन गरीने व्यवस्था गरिनेछ ।

८. लैंगिक समानता, महिला शसक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता मार्फत आयआर्जनमा वृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने नीतिलाई प्रोत्साहित गरिनेछ ।

९.चुरे गाउँपालिकाको सम्वृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ, अवसर र सम्भावनाहरुको खोजी गरी यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक विकास गरिनेछ ।

१०.चुरे गाउँपालिकाको हित प्रर्वद्धन, जनताको मौलिक हक र अधिकारको निर्वाध उपयोगको वातावरण सिर्जना गर्नका लागि तद् अनुकुल सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । विकास निर्माण, सम्पदा संरक्षण र विपद् व्यवस्थापनमा सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरी जनशक्ति परिचालन गरिनेछ ।

११. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ । ऐतिहासिक गर्भा दरबार, कम्पासे धुरा, ग्वासी धुरा, रातो पहिरो, गढी, खानीडाँडा क्षेत्र, शिवनगर क्षेत्र, निगाली सुन्तला उत्पादन क्षेत्र एवं सुरक्षित तथा व्यवस्थित वस्ती विकास गरी सहजपुरलाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न जोड दिइनेछ ।

१२.वैज्ञानिक वस्ती विकासमा जोड दिदै बजारोन्मुख बस्तीमा प्राकृतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील बजार निर्माणको राष्ट्रिय रणनीतिलाई अवलम्बन गर्दै वजार विस्तारमा जोड दिइनेछ ।

१३.विद्यमान विद्युतको अभावको कारण अध्यारोमा वस्नुपर्ने अवस्थाको अन्त्य गर्नका लागि विद्युतको राष्ट्रिय प्रशारण लाइन जोडन संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ । साथै स्थानीय लघु जलविद्युत एवं वैकल्पिक ऊर्जाको प्रयोग गरी उज्यालो नेपालको नीति अनुरुप गाउँपालिका भित्र विद्युतिकरण गरिनेछ ।

१४.चुरे गाउँपालिकाको आर्थिक सम्वृद्धिका लागि सार्वजनिक, निजि र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै सार्वजनिक निजि साझेदारी नीति निर्माण गरी विकासमा साझेदारी कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१५. खानेपानी योजनाहरु, सामुदायिक संस्थाहरु, कृषक समूहहरुलाई सहकारीमा आवद्ध गर्दै लगिनेछ ।

१६.कृषि योग्य भूमिमा सिंचाई सेवा उपलब्ध गराउन सिंचाईका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास एवं व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

१७. विदेशबाट घर फर्केका युवा जनशक्तिलाई घरेलु उद्योग तथा कृषि क्षेत्रमा आकर्षित गर्न लगानी बढाई उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गरी युवा स्वरोजगार कार्यक्रमलाई जोड दिइनेछ ।

१८. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागीतामूलक बनाउदै लगिनेछ ।

१९.भ्रष्टाचार र भ्रष्टाचारजन्य क्रियाकलाप प्रति शून्य सहनशीलताको अवधारणा मार्फत सुशासनमा टेवा पुरयाइनेछ । भ्रष्टाचार निवारणका क्षेत्रमा कार्यरत सार्वजनिक निकायको क्षमता अभिवद्धि गरिनेछ ।

२०.मानव अधिकारको सम्मान एवं सम्वर्द्धन गर्दै मानवअधिकारको प्रत्याभूति गरिनेछ ।

२१ गाउँपालिकाको चारैतिर रहेको अन्य स्थानीय तहहरु सँग जोडिएका सिमानाहरुको विवाद लाई यथाशिघ्र समाधानका लागि सरोकारवाला निकायहरु मार्फत पहल गरिनेछ ।

२२ गाउँपालिका भित्र रहेका बाढी पिडित, विस्थापित र भुमिहिन दलित तथा अव्यवस्थित बसोबास सम्वन्धि समस्यालाई पालिका, प्रदेश तथा संघीय सरकार सँग यथोचित समन्वय गरि दिगो समाधान गर्न पहल गरिनेछ ।

१.५.२ क्षेत्रगत नीति तथा आधारहरु :

**१.आर्थिक क्षेत्र**

गाउँपालिकाको आर्थिक वृद्धि र विकासका लागि प्राकृतिक श्रोत साधनको उपयोग, अवसर, अधिकार र समान पहुँच को वातावरण सिर्जना गरी गौरीगंगा नगरपालिकाको पहेले रुवाखोला देखि बालुवागडा खोला सम्म र जोरायल गाउँपालिका र यस गाउँपालिकाको वडा नं ३ कमला नदि काउली गाउँ क्षेत्रमा सिमाना विवादका कारण गिट्टी, ढुंगा बालुवा लगायतका सामग्रीहरु निकासी पैठारीमा समस्या भइ आन्तरिक राजश्व संकलन लगायत अन्य सामाजिक भाइचाराको सम्बन्ध स्थापनाका लागी प्रदेश तथा संघीय सरकार लगायत सम्बन्धित निकायहरुमा समस्या समाधानका लागी यथाशिघ्र पहल गरि आन्तरिक राजश्वको वढोत्तरी गरी आर्थिक वितरण प्रणालीलाई सम-न्यायिक रुपमा अघि वढाउदै लगिनेछ ।

**(क) कृषि तथा पशुपन्छी**

१. दश वर्षे कृषि विकास रणनीतिमा आधारित भएर चुरे गाउँपालिका स्तरमा समेत कार्यक्रम संचालन एवं अनुगमन प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ ।

२. खाद्य असुरक्षालाई न्यूनीकरण गर्न, खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३.जडीबुटीको व्यवसायिक खेतीको सम्भावना अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

४.दश वर्षे कृषि विकास रणनीतिले तय गरेका तथा नेपाल सरकारले युवा लक्षित स्वरोजगार कार्यक्रम अर्न्तगत रोजगारी सृजना गर्न फलफुलबाली, तरकारीबाली, मसलाबाली तथा नगदेबाली खेतीलाई व्यवसायीकरण गर्न जोड दिइनेछ ।

५.सुख्खा क्षेत्रमा थोपा सिचाई तथा फोहरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी र रिचार्ज पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ ।

६.लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिइनेछ ।

७.फलफूल तथा तरकारीबाली संकलन तथा भण्डारणका लागि सोलार तथा शीत भण्डार निर्माणका लागि यस गाउँपालिकामा कार्यरत संघसंस्थाहरुसँग समन्वय गर्दै पूर्व संम्भाव्यता अध्ययन गरिनेछ ।

८. उच्च मूल्य भएका कृषि तथा पशुजन्य वस्तु उत्पादन तथा बजारीकरणका लागि सहकारीमा आधारित बिक्री वितरण प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

९. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको प्रभाव न्युनिकरण गर्न जलवायु अनुकूलन हुने खालका कृषि उत्पादनमा जोड दिइनेछ र सोका लागि अध्ययन तथा अनुसन्धान गरिनेछ ।

१०. तरकारी, च्याउ तथा मौरीपालन व्यवसायलाई बेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार बनाउन निजि तथा व्यक्तिगत तवरमा विशेष सहयोग प्रदान गरिनेछ ।

११. स्थानीय स्तरको जडिवुटीलाई प्रशोधन गरी जैविक मल तथा विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१२. सुन्तलाको पकेट क्षेत्र बनाउन बिशेष पहल गर्दै किसानहरुलाई व्यवसायीक सुन्तला खेती प्रति आकर्षित गरी आत्मनिर्भर गराउन सुन्तला खेतीमा विशेष अनुदान दिने नीति लिइनेछ ।

१३.किसानहरुका तरकारी,फलफुल लगायतका कृषिजन्य उत्पादनहरुको संरक्षण र ताजा राखी वेमौसममा पनि बजार व्यवसाय सम्म पुरयाउनका लागि कोल्ड च्याम्बर निर्माण कार्य अगाडी बढाइनेछ ।

१३.गाउँपालिका भित्र रहेका अगुवा कृषकहरुलाई अन्तर वडा तथा पालिका भ्रमण गराउदा कृषि क्षेत्रको उत्पादनमा थप प्रोत्साहन मिल्ने संभावना रहेकोले उक्त कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१४. गाउँपालिका भित्रका कृषकहरुलाई कृषि सम्बन्धी आधुनिकिकरण तालिमको व्यवस्थापन गरिनेछ ।

१६. उन्नत पशुपालनबाट दुग्ध उत्पादनमा वृद्धि गरी व्यवस्थित बजारीकरण गरिनेछ ।

१७.बाख्रापकेट क्षेत्र कार्यक्रमलाई थप विस्तार गरिदै लगिनेछ ।

१८. जुनोटिक रोग तथा अन्य रोगहरु नियन्त्रण गर्दै पशु सेवा विकास र विस्तार गरिनेछ ।

१६. गोठ तथा भकारो सुधार कार्यक्रम, मासु पसल व्यवस्थापन जस्ता कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ ।

१७. मौसमी कृत्रिम गर्भाधारणलाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको शुरुवात गर्ने र ती ठाउँमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिनेछ । यसका साथै नश्ल सुधार कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

## (ख) पर्यटन क्षेत्र

१.पर्यटन क्षेत्रको विकासका लागि ऐतिहासिक गर्भा दरबार, कम्पासे धुरा, ग्वाँसी धुरा, खानीडाँडा क्षेत्र, शिवनगर क्षेत्र, सुन्तला उत्पादन क्षेत्र, रातो पहिरो लगायत क्षेत्रको व्यापक प्रचार प्रसार गरी आर्कषक गन्तव्यको रुपमा विकास गर्दै लगिनेछ ।

२. नयाँ पर्यटकीय स्थलहरुको खोजि, अध्ययन, अनुसन्धान गरी सम्पूर्ण पर्यटकीय क्षेत्रहरुको संरक्षण एवम् प्रर्वद्धन गर्दै पर्या-पर्यटनको विकास र विस्तारमा जोड दिईनेछ ।

३. पर्यटन प्रर्वद्धनका लागि निर्माण गरिएका वृतचित्रमा गाउँपालिकाका थप असल अभ्यास हरुलाई समावेश गरी व्यापक प्रचारप्रसार गरिनेछ ।

**(ग) उद्योग क्षेत्र**

१.औद्योगिक ग्राम स्थापनाका लागि पूर्व संभाव्यता अध्ययन गरी औद्योगिक ग्राम स्थापनाका लागि मास्टर प्लान र डिपिआर कार्य सम्पन्न गरि सकिएकोले औद्योगिक ग्राम स्थापना कार्य अगाडी बढाइने छ।

२.गाउँपालिका क्षेत्रभित्र कृषिमा आधारित उद्योगको स्थापना गरी कृषि पेशामा संलग्न कृषकहरुले थप आर्थिक लाभ लिने वातावरण सृजना गरिनेछ।

३. उद्योगको विकास मार्फत रोजगारी सिर्जना गर्दै गरिबी न्यूनिकरणमा जोड दिईनेछ।

४.स्थानीय सीप, पुँजी, प्रविधि र ज्ञान प्रयोग गरी भुगोल, हावापानी र वातावरण अनुसार विभिन्न स्कुल व्याग, सेनेटरी प्याड, अचार उद्योग, मसला वाली, आलुचिप्स, केरा खेती एवं केराका परिकार तथा बेतबाँसका घरेलु सामग्री उत्पादनका लागि सीपमुलक तालिम र स्थानीय प्रविधि हस्तान्तरण गरी स्थानीय घरेलु उद्यमशिलताको विकास गरिनेछ।

**(घ) व्यापार तथा व्यवसाय :**

१. व्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धात्मक र गुणस्तरीय बनाउन तथा उपभोक्ता अधिकार संरक्षण गर्न गराउन बजार अनुगमन कार्यलाई थप प्रभावकारी रुपमा अगाडी बढाईनेछ।

२. स्थानीय बजारलाई टेवा पुग्ने खालका कार्यक्रमहरु संचालन गर्दै स्थानीय वस्तु तथा सेवाको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ।

३.व्यापार व्यवसायबाट रोजगारीमूलक वातावरण सिर्जना गर्दै आर्थिक, सामाजिक विकास गरिनेछ।

**(ङ) सहकारी :**

१. सहकारी क्षेत्रको विस्तार र विकास मार्फत छरिएर रहेको लगानीलाई एकिकृत गरी बचत गर्ने बानीको विकास गरिनेछ।

२. सहकारी क्षेत्रको विकास गरी चुरे गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई सहकारीमा ऐक्यवद्धता गरिनेछ।

३. सहकारी मार्फत स्थानीय सीप, पुँजी, प्रविधि एवं ज्ञानको विकास तथा विस्तार गरिनेछ ।

## २. सामाजिक क्षेत्र

### (क) शिक्षा

१.सबैका लागि शिक्षा मूल नाराका साथ सार्थक पार्न वालवालिकाहरुलाई आधारभूत तह सम्म अनिवार्य र माध्यामिक तह सम्म निशुल्क विद्यालय शिक्षाका लागि पहल गरिनेछ ।

२.विश्वव्यापी माहामारी कोभिड १९ को संक्रमणका कारण अवरुद्ध पठन-पाठन नियमित गराउन विभिन्न रणनीतिक उपायहरु अवलम्बन गर्दै लगिनेछ ।

३.शिक्षालाई सर्वव्यापी, गुणस्तरिय तथा प्रभावकारी बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न शैक्षिक सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा संयुक्त कार्य योजना तयार गरी लागु गरिनेछ ।

४.विद्यार्थी शिक्षक अनुपात, भौगोलिक विकटता र स्थानीय सन्दर्भ विश्लेषण गरी विद्यालयहरुको कक्षा एवं तह थपघट साथै विद्यालय समायोजनको कार्य अगाडी बढाईनेछ ।

५. विद्यालयलाई प्रदान गरिने विभिन्न अनुदान रकममा आर्थिक पारदर्शिताको नीति अवलम्बन गरिनेछ र विद्यालयको सुशासन कायम गर्न सामाजिकतथा आर्थिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

६.विद्यालयको प्रशासनिक तथा आर्थिक व्यवस्थापनलाई ध्यानमा राखी लेखा संचालन सम्बन्धि तालिम प्रदान गरिनेछ ।

७. स्थानीय तहलाई पुर्ण साक्षर पालिका बनाउने नीति अनुरुप यस गाउँपालिका भित्र रहेको निरक्षर जनसंख्याको तथ्यांकलाई मध्यनजर गरी वडाहरुबाट साक्षर बनाउने अभियान सञ्चालन गरी चुरे गाउँपालिकालाई यसै आर्थिक वर्ष भित्र पुर्ण साक्षर गाउँपालिका बनाउन पहल गरिनेछ

८.गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन गरी विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फूटित गर्ने वातावरण प्रदान गरिनेछ ।

९.वालविकास केन्द्रलाई स्तरवृद्धि गर्न वालशिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ ।

१०.प्राविधिक शिक्षा अध्ययनको लागि विपन्न वर्गलाई प्राथमिकीकरणका आधारमा प्रोत्साहन एवम् सहायता उपलब्ध गराइनेछ ।

११. दश वर्षे शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा (२०७८-२०८०) तयार गरी शिक्षा क्षेत्रको समुन्नत विकास र स्थानीय प्रविधि, रहनसहन, भेषभुषा, भुगोल, हावापानी, प्राकृतिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक मुल्य मान्यताको पहिचान, संरक्षण सम्वर्द्धन र सदुपयोगका लागि आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

१२.प्रारम्भिक वालविकास केन्द्रका वालविकास शिक्षक र विद्यालय कर्मचारीहरुको अन्तराष्ट्रिय मापदण्ड तथा स्थानीय तहको क्षमता बमोजिम न्यूनतम पारिश्रमिकमा वृद्धि गरी उनीहरुको मनोवलमा बढोत्तरी गरिनेछ ।

## (ख) युवा तथा खेलकुद

१.युवाहरुलाई लक्षित गरी विभिन्न क्षमता विकास सम्बन्धि कार्यक्रमहरु मार्फत युवाहरुको ज्ञान, सीप, क्षमता, पौरख लाई स्वतस्फूर्त परिचालन गरि "**हाम्रा युवा पौरखि युवा**" को रुपमा स्थापित गरिनेछ ।

२.बढ्दो बैदेशिक रोजगारि न्यूनिकरण गर्दै स्थानीय स्तरमै स्वरोजगारि तर्फ आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ

३.स्थानीय ज्ञान, सीप, पुँजि र प्रविधिको प्रयोग गरी आयआर्जनमा टेवा पुर्‍याउने कार्यक्रमहरु संचालन गरिनेछ ।

४.खेलकुद क्षेत्रको विकासका लागि हरेक वडामा वडा स्तरीय वडा अध्यक्षकप र गाउँपालिका स्तरीय गाउँपालिकाा अध्यक्षकप भलिबल प्रतियोगिता सञ्चालन गरी जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा जोड गरिनेछ ।

५.**स्वास्थ्यका लागि खेलकुद, खेलकुद जीवनका लागि** भन्ने मूल नाराका साथ सम्पूर्ण विद्यालयहरुमा उपयुक्त खेलकुदको वातावरण सिर्जना गरिनेछ ।

## (ग) स्वास्थ्य तथा जनसंख्या

१.जनतामा गुणस्तरीय  स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरु व्यवस्थापन र परिचालन तथा मानव संसाधनको प्रभावकारी उपयोग गरी प्रभावकारी सेवासंचालन गरिनेछ ।

२.प्राथमिक स्वास्थ्य केन्द्र स्थापनाका लागि पूर्व सम्भाव्यता अध्ययन गरी प्राथमिक स्वास्थ्य केन्द्र निर्माण गरिनेछ ।

३.विश्वव्यापी माहामारीको रुपमा रहेको कोरोना कोभिड-१९ संक्रमणलाई नियन्त्रण एवं व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

४.स्वास्थ्यकर्मीहरुको क्षमता विकास तालिम संचालन गरी गुणस्तरीय सेवाप्रवाहलाई सरल र सहज बनाउदै लगिनेछ ।

५.स्वास्थ्य संस्थाहरुको अवस्थालाई सुधार गर्दै आवश्यक पर्ने औजार तथा सामाग्रीको व्यवस्था गरिनेछ ।

६.स्वास्थ्य सेवालाई जनताको घरदैलोमा पुर्‍याउन स्वास्थ्यकर्मी लगायत स्वंम सेविकाहरुलाई परिचालन गरिनेछ

७.स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई, गाउँघर क्लिनिक र खोप केन्द्रहरुको संस्थागत सुदृढीकरण एवं विकास गरिनेछ ।

८.कुपोषण खोज पड्ताल कार्यक्रम संचालन गरी पोषण सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९.संस्थागत सुत्केरी सेवालाई पुर्णरुपमा लागु गरि शिशु र आमाको  गुणस्तरीय स्वास्थ्यका लागि “उपाध्यक्ष पोषण कोसेली उपहार” कार्यक्रमलाई पूर्णमा निरन्तरता दिइनेछ ।

१०.स्वास्थ्य सम्बन्धि समस्या न्यूनिकरण गर्न तथा विभिन्न रोगहरुको उपचार गर्न स्वास्थ्य शिविर संचालन गरिनेछ ।

११.निगाली स्वास्थ्य चौकीमा स्थापना गरिएको गर्भवती परीक्षण अल्ट्रासाउण्ड प्रयोगशालाको थप सेवा संचालनका लागि मासिकरुपमा कार्यतालिका निर्माण गरी सबै स्वास्थ्य संस्थाहरुमा घुम्ति सेवा प्रदान गरिनेछ ।

१२.महिनावारी स्वच्छता सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१३.सुर्तिजन्य तथा मद्यपान गर्ने कुलत न्युनिकरणका लागि युवा लक्षित जनचेतनाममुलक कार्यक्रम संचालन गरिनेछ।

१४.सर्ने र नसर्ने रोगबाट नागरिकलाई बच्न बचाउनका लागि समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१५. गरिव, विपन्न र लक्षित वर्गहरुलाई प्राथमिकतामा राखी गुणस्तरीय स्वास्थय सेवा प्रदान तथा प्रवाह गर्न गराउन नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ।

१६. जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर राखी वृद्ध अवस्थामा देखा पर्न सक्ने स्वास्थ्य समस्याहरु मधुमेह, रक्तचाप लगायतका आधारभुत स्वास्थ्य परिक्षण कार्यलाई यस वर्षबाट अगाडी बढाईनेछ।

**(घ) महिला, बालबालिका, लक्षित वर्ग तथा सामाजिक विकास एवं समावेशीकरण सम्बन्धी नीति**

१. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

३.महिला, युवा, अपाङ्ग तथा बालअधिकारको सुनिश्चतता गर्दै लक्षितवर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।

२.महिला समूहको सबल नेतृत्व निर्माण गर्नका साथै आर्थिक सुनिश्चितता प्रदान गर्न उपाध्यक्ष महिला स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३.सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचयपत्र वितरण र समयमा सामाजिक सुरक्षा भत्ता वैंकिङ्ग प्रणाली मार्फत

वितरण गरिनेछ । प्रत्येक वडा कार्यालयहरुले प्रत्येक चौमासिक सामाजिक सुरक्षा रकमको सार्वजनिक सुनुवाई गरी पारदर्शि बनाईनेछ ।

४.महिला, बालबालिका, अपांग, जनजाती लगायत पिछडिएका वर्गहरुको पहिचान र मूलधारमा ल्याउनका लागि जनचेतना तथा सीपमूलक कार्यक्रम मार्फत आयआर्जनमा आवद्ध गराइनेछ ।

५.वालश्रम शोषण, वालविवाह, छुवाछुत तथा जातीय भेदभाव, घरेलु हिंसा तथा छाउपडी प्रथा निरुत्साहित तथा निवारण गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । ,

६.उच्च जोखिममा रहेका अनाथ वालवालिकालाई संरक्षण गर्न सहयोग कार्यक्रम संचालन गरिनेछ ।

७. समुदाय र विद्यालयमा रहेका अपाङ्गता भएका वालवालिकाहरुलाई वर्गीकरण अनुसार निरन्तररुपमा अपाङ्ग परिचयपत्रको दायरमा ल्याइ राज्यको सेवा सुविधाको पहुँचमा ल्याईनेछ ।

### (ङ) सरकारी तथा गैरसरकारी संघसंस्था सम्बन्धी नीति

१.यस चुरे गाउँपालिका क्षेत्रमा कार्यक्षेत्र भएका गैर सरकारी संघसस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिइनेछ । साथै गाउँकार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँपालिकाको कार्यालयमा एक गैरसरकारी संघ सस्था अनुगमन इकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२.चुरे गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

## ३.पूर्वाधार क्षेत्र

### (क) सडक तथा भौतिक योजना र पूर्वाधार विकास

१. सडकलाई स्तरीय तरिकाबाट सञ्चालन गर्नका लागि सडक स्तरोन्नतिको नीति अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

२. सडकको आकृति विग्रने गरी सडक क्षेत्र अतिक्रमण गर्ने जस्ता कार्यलाई नियमा तथा निरुत्साहित गर्न विनियम, कार्यविधी र निर्देशिका बनाई लागु गरिनेछ ।

३.वडा स्तरका सडकहरुको सम्भाव्यता अध्ययन र योजना छनौट गरि वजेट विनियोजन गरिनेछ ।

४. नेपाल सरकारको आगामी तीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथादिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइतथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवाप्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजनानिर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

५. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

६ नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८० भित्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिकाभित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीनतारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा

समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

७.भूकम्पको जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन,२०७२ लाई सार्वजनिक तथा निजि भवनहरुमा अनिवार्य लागु गरिनेछ ।

८. कृषिजन्य भुमिलाई आवास तथा घडेरी प्रयोजन खरिद बिक्री कार्यलाई निरुत्साहित गर्ने साथै गाउँपालिकाको एकिकृत भु-उपयोग नीति निर्माण गरी कार्यान्ययन गरिनेछ ।

९.पूर्वाधार सम्बन्धी योजनाहरुको अनिवार्य रुपमा  सम्भाव्यता अध्ययन गरेर मात्र छनौट गर्ने नीति लिइनेछ ।

१०.सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री निर्माणलाई अनिवार्य गरिनेछ ।

११. गाउँपालिका तथा वडा कार्यालयहरुबाट सञ्चालन विकास योजनाहरुको हकमा ५ लाख वा सो भन्दा कम लागत भएको विकास योजनाको अनुगमन वडा स्तरिय अनुगमन समितिको प्रतिवेदन तथा ५ लाख भन्दा माथीको विकास योजनाहरुको हकमा गाउँपालिका स्तरिय अनुगमन समितिको अनुगमन प्रतिवेदनका आधारमा आवश्यक प्रक्रिया पुरा गरी भुक्तानीको व्यवस्था मिलाईने छ । यसबाट विकास निर्माण कार्य पारदर्शि हुनेछ ।

१२.पूर्वाधार विकास तथा गाउँपालिकाबाट विनियोजित विकास बजेटको अन्तिम भुक्तानी र जाँचपास हुनुभन्दा अगाडि सामाजिक परिक्षण अनिवार्य गरिने व्यवस्था मिलाइनेछ ।

१३. संघ,प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सहजपुर देखि गाउँपालिका केन्द्र हुदै निगाली सम्मको २० किलोमिटर सडकको कालोपत्रे निर्माण कार्य संचालनमा ल्याइनेछ ।

१४. गाउँपालिका भित्र बन्ने पक्की घरहरुको हकमा नेपाल सरकारले जारी गरेको भवन निमार्ण संहिता अनुरुप गाउँपालिकाबाट घरनक्सा स्वीकृति गराई निर्माण गर्ने गराउने कार्यलाई अनिवार्य गरिने नीति अवलम्बन गरिनेछ । गाउँपालिकाबाट लागु भएको घरनक्सा पास सम्बन्धि कार्यविधि पुर्व बनेको घरको हकमा एक पटक लागि सार्वजनिक सुचना जारी गरी अभिलेखिकरण गरिनेछ ।

१५. समुदायको पोषण तथाजीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागिगाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूहमार्फत बार्षिक रु ५० लाख भन्दामाथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीतिलिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागिउन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

१६. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

१७. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. गांउपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अबस्था सुनिश्चितता, बिस्लेषण तथा योजना निर्माणका लागि एनवास (NWASH) योजना निर्माण र सो क्षेत्रको आगामि ५ बर्षे रणनितिक योजना निर्माण गरिने छ ।

## (ख) लघु तथा साना जलविद्युत एवमं वैकल्पिक उर्जा

१.नदीको स्रोत र ठाउँ पहिचान गरी लघु जलविद्युत आयोजना छनौटमा जोड दिइनेछ ।

२.प्रत्येक वडाहरुमा विद्युत विस्तार गर्दै लगिनेछ भने विद्युतविस्तारको संभावना नभएको ठाउँमा सौर्य वत्ति जस्ता बैकल्पिक उर्जामा विशेष प्राथमिकतामा जोड दिईनेछ ।

३.लघु जलविद्युतको विकासका लागि सम्भाव्यता अध्ययन, खोजि कार्यहरु गरिनेछ ।

४.सुधारिएको पानी घट्ट जडान र लिफ्टिङ्ग खानेपानी जडानलाई प्राथमिकता दिइनेछ ।

५.वायोग्यास र सुधारिएको चुलो जडानमा बिशेष प्राथमिकता दिइनेछ ।

**(ग) सिचाइ**

१. कृषि उत्पादकत्वलाई वृद्धि गरी  आयआर्जनमा टेवा पुरयाउने तरकारी खेतीमा प्रोत्साहन दिईनेछ ।

२. सिंचाइ योजनाहरुको सम्भाव्यता अध्ययन गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

३. बेमौसमी तरकारी उत्पादन र थोपा सिंचाई लगायतका आधुनिक कृषि प्रविधि लागु गर्न आवश्यक पहल गरिनेछ ।

४. गरिबहरुको आयस्तरमा बृद्धि गर्न बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय गरी गरिवी निवारण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

५. सहकारी विकास कार्यक्रम संचालन गरी सहकारी तथा लघुबित्तमा जनताको पहुँच बृद्धि गर्दै लगिनेछ ।

**(घ) सूचना तथा संचार**

१. विकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई स्थानीय एफ.एम. रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।

२. टेलिभिजन, टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार निर्माणमा विशेष जोड दिईनेछ ।

३. गाउँपालिकाभित्र रहेका माध्यामिक विद्यालयहरु विज्ञान प्रयोगशाला र ICT मैत्री बनाउँदै लगिनेछ ।

४.गाउँपालिकामा एउटा सूचना केन्द्रको स्थापनाको लागि पहल गरिनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन

१.दीगो वनव्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गरिनेछ ।

२.जैविक विविधताको संरक्षण गरी वातावरणीय सेवाबाट प्राप्तहुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।

३.जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुरयाउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

४.वनजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारिकरण मार्फत अर्थतन्त्रमा टेवा पुरयाउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजि क्षेत्रलाई आकर्षित गरिनेछ ।

५.जलवायु परिवर्तनबाट पारिस्थितिक प्रणाली, स्थानीय जनता र जिविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनिकरण तथा अनुकुलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

६.वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी, समाबेशी तथा सक्षम बनाई स्थानीय तहको वन ऐन लागु गरिनेछ ।

७. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन नीति कानून तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

८. वृक्षारोपण तथा हरियाली र हरित क्षेत्रको प्रर्वद्धन गरिनुका साथै उद्यान क्षेत्रको समेत विकास गरिनेछ । पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१०. विपद् व्यवस्थापनमा संघ,प्रदेश र स्थानीय तहका संघसंस्था, निजि क्षेत्रसँगको सहयोग र सहकार्य गरिनेछ ।

११. विपद् व्यवस्थापन कोषको स्थापना, संचालन र परिचालन गरिनेछ ।

१२. विपद् पूर्व तयारी,खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वयमा जोड दिइनेछ ।

१३. विपद् जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको परिचालन र स्थानान्तरणमा पहल गरिनेछ ।

१४. विगत देखि हाल सम्मको अविरल बर्षाका कारण विभिन्न मितिमा यस गाउँपालिकाका ६ वटै वडाका गाउँ बस्तिहरुमा बाढी पहिरोका कारण आंशिक वा पुर्णरुपमा क्षतिभइ कष्टकर जिवन बिताइ रहेका चुरे वासी नागरिकहरुका लागि यहि आर्थिक वर्ष भित्रदिगो समस्या समाधान तथा व्यवस्थापन गर्न गराउन प्रदेश र संघ सरकार संग समन्वय, सहयोग र साझेदारीकको लागि पहल गरिनेछ ।

## ५.सुशासन तथा संस्थागत विकास

१. गाउँपालिकाले सेवा प्रवाहलाई सरल, सहज, र पहुँचयोग्य बनाउन एवं सुशासन कायम गर्न आधुनिक प्रविधिको प्रयोगमा जोड दिईनेछ । गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त, पारदर्शी बनाउन गाउँपालिकामा सि.सि. क्यामेरा तथा बिद्युतीय हाजिरीको व्यवस्था मिलाईनेछ । साथै सबै वडाहरुमा समेत विद्युतीय हाजिरीलाई अनिवार्य गरिनेछ ।

२. गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवाप्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ ।

३. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी संरचना सङ्घीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास सम्वन्धी आवश्यक समन्वय, परामर्श र

साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्तिविकास प्रणाली लाई व्यवस्थित गरिनेछ ।

४. चुरे गाउँपालिकामा तहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष विनियम, निर्देशिका तथा कार्यविधिहरु तयार गरि लागु गरिनेछ ।

५. विद्युतीयशासन प्रणाली मार्फत चुरे गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

६. गाउँपालिकाबाट सम्पादन भएका बार्षिक कार्यक्रमहरुको सार्वजनिक उत्तरदायित्व, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरिनेछ ।

७. गाउँपालिकाभित्र रहेका भुमिहिन दलित, अव्यवस्थित बसोबास जस्ता समस्यालाई व्यवस्थापन गर्नका लागी यसै आर्थिक वर्ष भित्र बढी भन्दा बढी नागरिकलाई जग्गाधनि प्रमाण पत्र लालपुर्जा वितरण गर्न पहल गरिनेछ ।

८. साविक स्थानीय निकायहरुबाट तथा हाल चुरे गाउँपालिकाबाट विगतमा दर्ता भएको व्यक्तिगत घटना दर्तालाई डिजिटाईजेशनको कार्य सम्पन्न भई गाउँपालिका अर्न्तगतका केही वडाहरुबाट २०७८ बैशाख देखि व्यक्तिगत घटनादर्ता सेवा अनलाइन प्रक्रिया मार्फत भईरहेकोमा आगामी आ.व. २०७८।०७९ देखि पुर्ण रुपमा अनलाईन घटनादर्ता व्यवस्था लागु गरिनेछ ।

**श्रद्धेय सभाध्यक्ष महोदय एवं आदरणीय गाउँ सभाका सदस्यज्यू,**

अव म चालु आर्थिक वर्ष २०७७।०७८ मा विनियोजित बजेटको २०७८ असार ९ गते सम्मको खर्च प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आ.व. २०७७।०७८ को कुल विनियोजित बजेट **रु. ४३ करोड ३३ लाख ६१ हजार ५ सय ३० मध्ये रु. २७ करोड ७३ लाख १३ हजार ९ सय ७९** अर्थात ६३.९९ % रकम खर्च भएको देखिन्छ । चालु तर्फ विनियोजित रकम **रु. २० करोड ८२ लाख ४२ हजार मध्ये रु. १८ करोड ४६ लाख ५३ हजार १ सय**

**९८** अर्थात ६३.९१ प्रतिशत रकम खर्च भएको छ भने **पुँजिगततर्फ रु. २२ करोड ५१ लाख १९ हजार ५ सय ३३ मध्ये रु. ९ करोड २६ लाख ६० हजार ७ सय ८२** अर्थात ४१.१६% रकम खर्च भएको छ । त्यसै गरि **सशर्त अनुदान रु.२० करोड ६३ लाख मध्ये रु. १२ करोड ९३ लाख ८४ हजार ५ सय ५४** अर्थात ६३% रकम खर्च भएको छ । पुँजिगत तथा चालुगत कार्यक्रम अन्तरगत भुक्तानी गर्न बाँकी रहेकोले असार मसान्त सम्म कुल खर्च ७७ प्रतिशतको हाराहारीमा रहने अनुमान गरिएको छ ।

**श्रद्धेय सभाध्यक्ष महोदय एवं आदरणीय गाउँ सभाका सदस्यज्यू,**

अब म अगामी आर्थिक वर्ष २०७८/०७९ को अनुमानित आय-व्यय गरिमामय गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७८/०७९ मा सङ्घीय सरकारबाट वित्तीय समानिकरण अनुदानबाट प्राप्त **रु. ९ करोड ८ लाख, राजस्व वाडफाँड प्राप्त हुने ८ करोड ४८ लाख ९ हजार र सर्शत अनुदान तर्फ रु २० करोड ५० लाख गरी कुल ३८ करोड ६ लाख ९ हजार** प्राप्त हुने अनुमान गरिएको छ । प्रदेश सरकारवाट **वित्तीय समानिकरण अनुदानतर्फ रु ६२ लाख १३ हजार र राजस्व वाडँफाडँतर्फ २७ लाख ४४ हजार र विशेष अनुदान तर्फ ५० लाख गरी जम्मा १ करोड ३९ लाख ५७ हजार र घर जग्गा रजिष्ट्रेशन वापत रु. ७ लाख** प्राप्त हुने अनुमान गरेको छु । त्यसै गरि आन्तरिक आम्दानी तर्फ रु **१ करोड १७ लाख ४४ हजार र गत वर्षको मौज्दात रु ६ करोड ९९ लाख ५७ हजार हुने प्रारम्भिक अनुमान गरिएको छ** । यसरी आ. व. २०७८। ०७९ को कुल **रु ४७ करोड ६९ लाख ५७ हजारको अनुमाति आयव्यय प्रस्तुत गरेको छु ।**

आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित कुल रकम मध्ये **रु ३० करोड ६० लाख २५ हजार चालु तर्फ, रु १७ करोड ९ लाख ४२ हजार** पुँजीगत खर्च तर्फ विनियोजन गरेको छु । क्षेत्रगत कार्यक्रम भौतिक पूर्वाधार विकास तर्फ **रु. ७ करोड २६ लाख ९८ हजार बजेट** विनियोजन गरेको छु । सामाजिक विकास अर्न्तगत शिक्षा विकास तर्फ १ करोड ५५ लाख ६५ हजार, स्वास्थ्य सेवा तर्फ ४५ लााख, ५० हजार र खानेपानी तथा सरसफाइ तर्फ २६ लाख, आर्थिक

विकास तर्फ कृषि, पशु पंक्षी, पर्यटन विकास, सहकारी विकास र उद्योग सेवालाई समयसापेक्ष रुपमा प्राथमिकता दिदैं रु ८५ लाख ५७ हजार विनियोजन गरेको छु । भने लक्षितवर्ग तर्फ रु ५० लाख विनियोजन गरेको छु । कार्यालय संचालन तथा व्यवस्थापन तर्फ ८ करोड ८८ लाख ९७ हजार विनियोजन गरेको छु । संस्थागत विकास, सुशासन तथा अर्न्तसम्बन्धित क्षेत्र तर्फ ३१ लाख विनियोजन गरेको छु । कोभिड १९ को संक्रमण लगायत अन्य प्राकृतिक विपद्लाई लक्षित गरी रु. ५० लाख स्थानीय प्रकोप व्यवस्थापन कोष तर्फ विनियोजन गरिएको छु । भुमिहिन सम्बन्धि समस्या सामाधान आयोगबाट सञ्चालन गर्ने कार्यक्रमका लागि रु. ४० लाख विनियोजन गरेको छु । गाउँपालिका अर्न्तगत विविध कार्यक्रमहरु संचालन तथा कार्यान्वयन गर्न समपुरक कोष तर्फ रु २ करोड ७५ लाख विनियोजन गरिएको छुँ,साथै पालिका भित्र समय सान्दर्भिक रुपमा सुचना प्रविधि संजालको पहुच पुर्‍याउनका लागी सुचना प्रविधि तर्फ ३० लाख रकम विनियोजन गरिएको छु ।

यसै गरि समानुपातिक सिद्धान्तको आधारमा वडा तर्फ रु ३ करोड १५ लाख विनियोजन गरेको छु । भने सशर्त तर्फ कूल रु २० करोड ५० लाख विनियोजन गरेको छु ।

**अन्त्यमा,**

यस नीति तथा कार्यक्रमले चुरे क्षेत्रका बासिन्दाहरुको प्रत्यक्ष रुपमा आर्थिक तथा सामाजिक पूर्वाधारको स्थापना, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, वन तथा वातावरण लगायतका क्षेत्रमा उल्लेखनिय परिवर्तन भई आम नागरिकहरुमा प्रत्यक्ष परिवर्तनको अनुभूति सहित “समृद्ध गाउँपालिका सुखि चुरेबासी” भएको हुनेछ । कोभिड-१९ अर्थात कारोना विरुद्ध कार्यकम संचालन भई आर्थिक सामाजिक गतिशिलता पनि प्राप्त भईसकेको हुनेछ । यस गाउँपालिकाको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम, बार्षिक अनुमानित आय-व्यय (बजेट) बनाउन आफ्नो सुझाव सल्लाह दिनु हुने गाउँपालिकाका श्रद्धेय सभाध्यक्ष, सम्पुर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु, सरोकारवाला, आदरणीय प्रमुख प्रशासकीय अधिकृत ज्यु, विषयगत शाखा प्रमुख लगायत राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै बजेट अधिवेशनमा उपस्थित

श्रद्धेय सभाध्यक्षज्यु लगायत उपस्थित सम्पुर्ण गाउँ सभा पार्षद् सदस्यहरुलाई हृदय देखि नै धन्यवाद ज्ञापन गर्दछु । गाउँ सभालाई सभ्य रुपमा सम्पन्न गर्न गराउन सहयोग गर्ने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी,पत्रकार महानुभाव लगायत सरोकारवाला सबैमा धन्यवाद दिदैं बिदा हुन चाहन्छु ।

धन्यवाद !